कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
# डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन नं. : ०५६-५९२१३१

प.सं.
च.नं.

मिति: २०७८।११।२६

## B. V. Sc. & A. H. र B. Sc. Fisheries मा विद्यार्थी भर्ना सम्वन्धी सूचना

(दोस्रो पटक प्रकाशित)

यस शैक्षिक वर्षको लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवनमा संचालन हुने स्नातक तहका B. V. Sc. & A. H. र B. Sc. Fisheries कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन तथा भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइन्छ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट SEE/SLC वा सो सरहको परीक्षामा कम्तीमा द्धितीय श्रेणी वा C+ Grade मा उत्तीर्ण भई I.Sc., १०+२ विज्ञान, A-Level, कृषि /पशु विज्ञान विषयमा प्राविधिक तह वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, वायोलोजी एवं कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा C Grade का साथै कूल प्राप्ताङ्कमा C+ Grade (2.4 CGPA) प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ । Theory र Practical दुवै भएको विषयको हकमा एकमुष्ट कम्तीमा C Grade हुनुपर्नेछ । योग्यता नपुगी आवेदन फारम भरेमा सो आवेदन फारम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

**२. आवेदन दिने मिति र समय:** २०७८ चैत ८ गते राती १२:०० बजे सम्म entrance.afu.edu.np मा login गरी Online बाट भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा info@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक नभरिएको online आवेदन उपर कुनै कारर्वाही गरिने छैन ।

**३. आवेदन फारम तथा प्रवेश परीक्षा शुल्क:** यस संकाय अन्तर्गत संचालन हुने दुईवटा कार्यक्रमहरु B. V. Sc. & A. H. र B. Sc. Fisheries मध्ये कुनै एउटा कार्यकममा आवेदन दिनको लागि रु.४,०००। (अक्षेरुपी चार हजार मात्र) र दुवै कार्यक्रममा आवेदन दिनको लागि रु ५,०००। (अक्षरुपी पाँच हजार मात्र) **सिद्धार्थ बैंक लिमिटेडको खाता नं ००८१५२६४३३९** मा FAVF Entrance Examination को नाममा जम्मा गर्नुपर्ने छ तर सो खातामा Direct Fund Transfer गर्न पाईने छैन । बैंक भौचरमा जम्माकर्ताको नाममा आवेदकको पुरा नाम र आवेदक आफ्नै मोबाईल नम्बर अनिवार्य लेखिएको हुनुपर्ने छ । एक मोबाईल नम्बरमा एक भन्दा बढी आवेदकको नाममा रकम जम्मा भएमा मान्य हुने छैन । फारम भर्ने entrance.afu.edu.np को Online payment link बाहेक अन्य माध्यमबाट आएका Online भुक्तानीहरु मान्य हुने छैन । अनलाईन माध्यमबाट esewa, connect IPS र Siddhartha Bank Smart बाट रकम जम्मा गर्न सकिने छ । रीतपूर्वक नपठाइएको वा कुनै अन्य कारणले आवेदन रद्द भएको अवस्थामा पनि उपरोक्त शुल्क फिर्ता हुने छैन।

**४. प्रवेश पत्रः** प्रवेश पत्र आवेदक स्वयंले Online Portal को check your status को Download Options बाट परिक्षा मितिको एकदिन अगाडी Download गरि Print गर्नु पर्ने छ ।

**५. प्रवेश परीक्षा मिति, समय र स्थानः** प्रवेश परिक्षा २०७८ चैत्र १२ गते बिहान ११ बजे रामपुर, चितवनमा संचालन गरिनेछ । प्रवेश परीक्षा केन्द्रको जानकारी www.afu.edu.np मा पछि प्रकाशन गरिनेछ र प्रवेश पत्रमा समेत उल्लेख गरिने छ ।

**६. भर्नाको आधार :** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई १००% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यताक्रम (Merit List) को सूचि तयार गरी योग्यताक्रम (Merit) अनुसार नै विद्यार्थी भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षाको उर्त्तीणाङ्क ५०% हुनेछ । अङ्क बराबर भएमा 10+2 वा सो सरहको कूल प्राप्ताङ्क (CGPA), सो पनि बराबर भएमा SEE/SLC को कूल प्राप्ताङ्क र सो पनि बराबर भएमा 10+2 वा सो सरहको तहको क्रमशः बायोलोजि, केमेष्ट्री, फिजिक्स, गणितको प्राप्त अङ्कलाई आधार मानि योग्यताक्रम (Merit List) को सूचि तयार गरिनेछ ।

७. प्रमाणपत्र तहको पाठयक्रमबाट निम्न विषयहरु प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नहरु बहुबैकल्पिक वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ ।

| | | | |
|---|---|---|---|
| क) अंग्रेजी - २० | ख) केमेष्ट्री - २० | ग) फिजिक्स - १० | घ) बोटानी - २० |
| ङ) जुलोजी - २० | च) गणित - १० | छ) बिषयगत - १४ | ज) सामान्य ज्ञान - ६ |

प्रवेश परीक्षामा **१२०** वटा प्रश्नहरु हुनेछन् जसका लागि **१ घण्टा ३०** मिनेटको समय दिइनेछ ।

**८. परीक्षाफल प्रकाशनः** प्रवेश परीक्षा संचालन गरिएको मिति २०७८ चैत १२ गते बेलुका नै परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

**९. भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु :** भर्ना हुनका लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु :

क) फारम भर्दा पेश गरेको पासपोर्ट साइजको फोटो ३ (तिन) प्रति
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) SEE/SLC को सक्कल लब्धाङ्क पत्र (Transcript) र चारित्रिक प्रमाणपत्र

घ) 10+2 वा सो सरहको तहको सक्कल लब्धाङ्क पत्र (Transcript) र चारित्रिक प्रमाणपत्र
ङ) 10+2 वा सो सरहको तहको सक्कल स्थायी प्रमाणपत्र Provisional Certificate
च) 10+2 वा सो सरहको तहको सक्कल Migration Certificate
छ) समानस्तर निर्धारण (Equivalent) को प्रमाणपत्र (प्रमाण पत्र तह नेपाल बाहिरको विश्वविद्यालय वा मान्यता प्राप्त संस्थाबाट उत्तिर्ण गरेकाहरुलाई मात्र)
ज) सम्बन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
झ) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पुनश्चः** भर्ना हुन आउंदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समयभित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको लेखा शाखामा दाखिला गरी आवेदक वा अभिभावक उपस्थित भई यस संकायको शैक्षिक प्रशासनमा सम्पर्क राख्नु पर्नेछ । भर्नाको बेला आवेदनको समयमा पेश गरेको कागजात र साथ ल्याइएको सक्कल प्रमाणपत्रहरुको रुजु गरिनेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरिए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकलाई भर्ना प्रकियामा समावेश गरिने छैन ।

**१०.** भर्ना प्रक्रिया र मिति पछि प्रकाशन गरिने छ ।

**११.** प्रवेश परीक्षा उत्तिर्ण भई विश्वविद्यालय विकास शुल्क (University Development Fund, UDF) अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढांचामा नियमानुसार आवेदन दिनु पर्नेछ । उक्त सूचना पछि प्रकाशन गरिने छ । साथै, त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यता क्रमको आधारमा भर्ना लिइनेछ । UDF कोटामा B. V. Sc. & A. H. र B. Sc. Fisheries भर्ना हुनको लागि क्रमश रु. ४,५०,०००।- (अक्षरुपी चार लाख पचास हजार) र रु. २,३०,०००।- (अक्षरुपी दुई लाख तिस हजार) लाग्नेछ र सो रकम दुई किस्तामा बुझाउनु पर्ने छ ।

**१२.** प्रदेश, छात्रा, दलित, आदिवासी/जनजाती, मधेसी शहिद परिवार/द्वन्द पीडित, अपाङ्ग, स्टाफ, र स्थानिय कोटाका विद्यार्थीहरुका लागि तपशिल बमोजिमका संख्या निर्धारण गरिएको छ । प्रादेशिक कोटामा भर्ना हुनका लागि सोही प्रदेशको नागरिकता र सोही प्रदेशको पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयबाट SEE/SLC परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । उक्त कोटामा भर्ना हुन इच्छुक भएमा आवेदकले आफूले SEE/SLC उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा समन्वय समितीको सिफारिश पत्र आवेदन दिदा नै संलग्न गर्नुपर्नेछ र भर्ना हुन आउदा उक्त सिफारिस पत्र सक्कलै पेश गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फारम उपर कुनै कार्वाही हुनेछैन् । छात्रा कोटा बाहेक अन्य कोटामा भर्ना हुन इच्छुक बिद्यार्थीहरुले कोटाको लागि तपशिल बमोजिमका सम्बन्धित निकायको प्रमाणपत्र वा सिफारिस पत्र आवेदन दिदानै पेश गर्नुपर्नेछ । अपाङ्ग कोटाको वर्ग र योग्यताको समेत आधारमा भर्नाको लागि छनौट गरिने छ ।

फोन नं. : ०५६-५९२१३१

प.सं.
च.नं.

मितिः २०७८।११।२६

**क) दलित कोटाः** राष्ट्रिय दलित आयोग/स्थानिय निकाय
**ख) आदिवासी/जनजाती कोटाः** आदिवासी जनजाती राष्ट्रिय महासंघ/स्थानिय निकाय
**ग) मधेशी कोटाः** सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय
**घ) द्वन्द्व पिडित परिवार कोटाः** आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने गरी सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।
**ङ) शहिद परिवार कोटाः** आवेदकको नाता (श्रीमान् श्रीमती, छोरा, छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।
**च) अपाङ्ग कोटाः** महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय/स्थानिय निकाय
**छ) स्टाफ कोटाः** सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता खुलेको (श्रीमान/श्रीमती, छोरा, छोरी) नाता प्रमाणित हुने गरि सिफारिस पत्र, नागरिकता प्रमाणपत्र र संकायको सिफारिश पत्र । उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा मेरीटको आधारमा भर्ना लिइने छ । आवेदन दिने मिति पछि प्रकाशन गरिने छ । यो सुविधा २ सन्तानलाई मात्र पाउने प्रावधान रहेकोले सो सुविधा यस विश्वविद्यालयको अन्य संकायवाट प्राप्त गरेको पनि गणना गरीनेछ ।
**ज) स्थानिय कोटाः** पशु बिज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अवस्थित स्थानको स्थानिय निकाय भरतपुर महानगरपालिकाको सिफारिश पत्र ।

**१३.** B. V. Sc. & A. H. र B. Sc. Fisheries लागि तपशिलमा उल्लेखित अनुसार विद्यार्थी भर्ना लिइनेछ ।

**भर्ना कोटा विवरण :**

| **विवरण** | B. V. Sc. & A. H. | B. Sc. Fisheries |
|---|---|---|
| मेरिट | २० | ७ |
| प्रादेशिक | ७ | × |
| छात्रा | २ | १ |
| दलित | १ | १ |
| आदिवासी जनजाति | १ | १ |
| मधेसी | १ | १ |
| द्वन्द पीडित /शहिद परिवार | १ | १ |
| अपाङ्ग | १ | १ |
| स्टाफ कोटा | १ | १ |
| स्टाफ (अर्ध शुल्क) | १ | × |

| | | |
|---|---|---|
| स्थानिय कोटा UDF | २ | २ |
| *UDF | १२ (११+१) | ५ |

*UDF कोटाहरु मध्ये १ सिट नेपाल सरकार, पशु सेवा विभागसंग भएको MOU अनुसार आवेदकहरु मध्ये प्रवेश परिक्षाको योग्यताक्रमको आधारमा भर्ना लिईने छ र उक्त कोटा खालि भएमा नियमित UDF कोटामा नै समावेश गरिने छ ।

**कुनै पनि कोटा खाली हुन गएमा UDF कोटामा समावेश गरिनेछ ।**

**१४.** कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । भर्नाको समयमा Migration Certificate नबुझाएमा सम्वन्धित विद्यार्थीलाई भर्ना गर्न संकाय वाध्य हुने छैन ।

**१५.** विद्यार्थीहरुलाई छात्राबास उपलब्ध गराउन संकाय बाध्य हुने छैन् ।

**१६.** थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np बाट हेर्न सकिनेछ ।

प्रा. डा. होम बहादुर बस्नेत
डीन